# मेल्लेख गाउँपालिका

## विन्धेवासिनी, अछाम

## सुदूरपश्चिम प्रदेश, नेपाल

# सूचना प्रविधि केन्द्र
# स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/११/२२

# <u>सुचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यावस्थापन कार्यविधि, २०७८</u>

**प्रस्तावना** : नेपालको संविधान २०७२ को धारा ५१ को खण्ड (च) को वुँदा नं. ५ मा “राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने “ तथा वुँदा नं. ७ मा “राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यवाट उपलव्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने ” भनी उल्लेख गरिएको छ।

यस संवैधानिक व्यवस्थालाई मध्यनजर गर्दै दुर्गम एवं ग्रामीण क्षेत्रमा वसोवास गर्ने आम नागरिकहरुको लागि सूचना प्रविधिको माध्यमवाट प्रदान गरिने सेवा एवं सुविधाहरुको सहज एवं सरल पहुँच स्थापित गर्न स्थानीय जनता वडा सरकारसँगको सहकार्यमा स्थापना एवं सञ्चालन गर्ने गरी सूचना प्रविधि सेवा केन्द्र (IT Service Center) को अवधारणा तयार पारिएको छ।

मेल्लेख गाउँपालिका सरकारले नागरिकलाई प्रदान गर्ने धेरैजसो सेवा/सुविधाहरु अनलाईन/ईन्टरनेट मार्फत प्रवाह भैरहेका तथा निकट भविष्यमा हुनगैरहेका छन्। तथापी दुर्गम एवं ग्रामीणस्तरमा सूचना प्रविधिको सहज पहुँच स्थापना नभएको र सूचना प्रविधिको प्रयोग गर्नसक्ने दक्ष जनशक्ति पनि उपलव्ध नभएको अवस्थामा सरकारी सेवाहरु सूचना प्रविधिको माध्यमवाट नागरिक समक्ष पुऱ्याउनको लागि सूचना प्रविधि सेवा केन्द्र स्थापना गरी केन्द्र मार्फत नागरिकलाई सहज एवं पारदर्शीरुपमा सेवा प्रदान गर्न सके अत्यन्तै उपलव्धिमूलक हुनेछ।

सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट ग्रामिण क्षेत्रको आर्थिक तथा सामाजिक विकास गरि जीवनस्तर माथि उठाउन प्रशस्त सम्भावना र अवसरहरु रहेको हुदाँ सूचना प्रविधिलाई दिगोवोकासका लक्ष्यहरु प्राप्त गर्न एक महत्वपूर्ण औजारको रुपमा प्रयोग गर्न सकिन्छ। यस प्रविधिको विकासमा धनी र गरिब बिचको खाडललाई न्युनिकरण गरी प्रविधिको पहुँच र प्रयोगसँगको सहकार्यमा सूचना प्रविधी सेवा केन्द्र स्थापना तथा व्यवस्थापन गर्न यो कार्यविधि लागु गरिएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

**संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन कार्यविधि,२०७७" रहेको छ।

(२) यो कार्यविधि मेल्लेख गाउँपालिका कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) " गाउँपालिका " भन्नाले मेल्लेख गाउँपालिका सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले मेल्लेख गाउँकार्यपालिका सम्झनुपर्छ।

(ग) "स्थानिय निकाय " भन्नाले नेपालको संबिधान अनुसारका गाउँपालिका तथा नगरपालिकाहरु सम्झनुपर्छ।

(घ) "केन्द्र" भन्नाले सूचना प्रविधि सेवा केन्द्र सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले निर्देशक समिति सम्झनुपर्छ।

(च) "कार्यक्रम" भन्नाले सूचना प्रविधि सेवा केन्द्र बनाउनको लागि सञ्चालित सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन कार्यक्रम सम्झनुपर्छ।

**३. कार्यक्रम सञ्चालनका आधारहरु** : सूचना प्रविधि सेवा केन्द्र बनाउन सञ्चालित कार्यक्रमका आधारहरु देहाय बमोजिम हुनेछन।

(क) गाउँपालिकाको जनस्तरमा सूचना प्रविधिको पहुंच अभिवृद्धि गरि सूचना प्रविधि प्रयोगमा भएको विभेद (Digital Divide) लाई न्युनिकरण गर्ने।

(ख) सूचना प्रविधिको प्रयोग गरि गाउँपालिका सरकारबाट प्राप्त हुने सरकारी सेवाहरु केन्द्रको प्रयोग गरि जनस्तरसम्म पुर्याउने।

(ग) सूचना प्रविधिको प्रयोग गरी स्थानियस्तरमा संचालित व्यावसायिक,कृषि,पर्यटकिय महत्वका ठाउँहरु एवम् स्थानीय उत्पादन लगायतका क्षेत्रको विकास,विस्तार तथा प्रवर्द्धन गर्ने।

(घ) प्रतिस्पर्धी जनशक्ति उत्पादन गरि गाउँपालिकाको विकासमा सकारात्मक भूमिका खेल्ने।

(ङ) सूचना प्रविधिको माध्यमबाट e-health, e-education, e-agriculture, e-governance, e-finance लगायतका सेवाहरु स्थानीयस्तर सम्म पुर्याउने।

## परिच्छेद-२

## सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापना सम्वन्धित व्यवस्था

**४. निर्देशक समितिको गठन** : सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन गर्ने कार्यक्रम सफलतापुर्वक कार्यान्वयन गर्न आवश्यक अध्ययन ,अनुसन्धान तथा परामर्श, अनुगमन तथा निर्देशनको लागि देहाय बमोजिमको निर्देशनक समिति गठन गरिनेछ र आवश्यकतानुसार समितिले विज्ञ प्रतिनिधिलाई आमन्त्रितको रुपमा बोलाउन सक्नेछ।

(क) गाउँपालिका अध्यक्ष – संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

(ग) वडा अध्यक्ष मध्य एक जना -सदस्य

(घ) महिला कार्यपालिका सदस्य - सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृत – सदस्य

(च) विधुतिय शासन विज्ञ - सदस्य

(छ) सूचना प्रविधि अधिकृत – सदस्य-सचिव

निर्देशक समितिको बैठक संयोजकको निर्देशनमा तोकिएको समय र स्थानमा सदस्य सचिवले बोलाउने छ र उक्त समितिको गाउँपालिकाको नियमानुसार बैठक भत्ता उपलब्ध गराइनेछ।

**५. निर्देशन समितिको काम, कर्तव्य र अधिकार** : निर्देशन समितिको काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) यस कार्यविधिमा तोकिएको मापदण्ड र आधारहरुको सिमाभित्र रही सम्बन्धि वडा तहसँग समन्वयमा कार्यक्रम लागू गरिरने र अन्तिम स्वीकृतिको लागि कार्यापालिकामा पेश गर्ने।

(ख) सूचना प्राविधि सेवा केन्द्रको लागि परापर्श सेवा, आवश्यक उपकरणहरु यसको स्पेसिफिकेशन र अनुमानित लागत तयार गरी स्विकृतिको लागि कार्यापालिकामा पेश गर्ने।

(ग) संचालनमा आएका कार्यक्रम कार्यान्यनको लागि वडा तह र सम्बन्धित क्षेत्रमा समन्यकारी भूमिका निर्वाह गर्ने।

(घ) कार्यक्रमको सफल कार्यन्वयनको लागि आवश्यक राय , सुझाव सहित प्राधीकरणमा प्रतिवदन पेश गर्ने।

**६. गाउँपालिकाको काम, कर्तव्य र अधिकार** : कार्यक्रम कार्यान्वयनमा गाउँपालिकाको काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) निर्देशक समितिवाट सिफारिस भएका सूचना प्रविधि सेवा केन्द्रबाट प्रस्तावीत कार्यक्रम स्वीकृत गर्ने।

(ख) सूचना प्रविधि सेवा केन्द्रको लागि आवश्यक उपकरणहरु ,परामर्श सेवाहरुको विज्ञहरुसँग सुझाव सहित स्पेसिफिकेसन अनुमानित लागत गर्ने।

(ग) स्वीकृत मापदण्ड भित्र रही कार्यक्रमका लागि तोकिएका उपकरण तथा सफ्टवेर खरिद सम्बन्धि कार्य गर्ने।

(घ) कार्यक्रम सञ्चालनको लागि तोकिएको हार्डवेयर तथा सफ्टवेयर सम्बन्धित वडा स्तरसम्म पुर्याई सेटअप , जडान तथा नेटवर्किङको व्यवस्था गर्ने ।

(ङ) ब्रोडव्याण्ड ईन्टरनेट कनेक्टिभिटि व्यवस्था गर्ने ।

(च) क्षमता अभिवृद्रि सम्बन्धि तालिम कार्यक्रम सञ्चालन गर्ने ।

(छ) प्रभावकारी रुपमा कार्यक्रम लागू भए/नभएको नियमिति अनुगमन तथा मूल्यांकन गर्ने ।

(ज) समितिवाट नियमित रुपमा कार्यक्रमको प्रगति प्रतिवेदन लिई उक्त कार्यक्रमको सफल कार्यन्वयन गर्न आवश्यक कार्य गर्ने ।

(झ) सूचना प्रविधिको विकासका लागि माथिल्लो निकाय वा अन्तराष्ट्रिय स्तरमासँग समन्वयकारी भुमिका खेल्ने।

(ञ) सूचना प्रविधि केन्द्रमा सूचना प्रविधि अधिकृत (रा.प तृतीय) र सूचना प्रविधि सहायक(पाचौं) जनशक्तिको व्यावस्था गर्नुपर्नेछ।

(च) सूचना प्रविधि केन्द्र संचालनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने ।

(छ) सूचना प्रविधि केन्द्र संचालनको लागि सेवा उपलब्ध गराए बापत न्युनतम शुल्क तोक्न सक्नेछ र यसको छुटै कोष बनाई यसको व्यावस्थापन प्रयोग गर्न सकिनेछ ।

(ज) सूचना प्रविधि केन्द्र सेवा शुल्क कार्यपालिका बैठकबाट तोकिनेछ ।

**७ सूचना प्रविधि शाखाको काम, कर्तव्य र अधिकार** : कार्यक्रम कार्यान्वयनमा स्थानीय तहको काम ,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) स्थानीय तहलाई सूचना प्रविधि मैत्रि बनाउनको लागि आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्थापन एवं सुरक्षाको प्रबन्ध गर्ने ।

(ख) सूचना प्रविधि सेवा केन्द्रबाट लागु भएका कार्यक्रम सोको प्रभावकारीरुपमा व्यवस्थापन तथा सञ्चालन गर्ने ।

(ग) सूचना प्रविधि सेवा केन्द्रबाट संचालित कार्यक्रम सञ्चालनको लागि उपयुक्त स्थान / कोठाको व्यवस्था गर्ने ।

(घ) गाउँपालिका वा सूचना प्रविधि सेवा केन्द्र उपलब्ध गराईएका लागि आवश्यक प्रविधिक पूर्वाधारको व्यावस्थापन एवं सुरक्षाको प्रबन्ध गर्ने ।

(ङ) कार्यक्रम सञ्चालनको लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन गर्ने ।

(च) सर्वसाधारण जनताले न्युनतम सेवा शुल्कमा सेवा प्रयोग गर्न पाउने व्यवस्था गर्ने ।

(छ) कार्यक्रम संचालन सम्बन्धनमा सूचना प्रविधि शाखा र गाउँपालिकाबाट हुने निर्देशनहरु पालना गर्नुपर्ने ।

(ज) स्थानीय स्तरबाट उपलब्ध गराईने सेवाहरु जनस्तर सम्म प्रभावकारी रुपमा पर्याउनको लागि सेटअप गरिएका उपकरणहरुको अधिकरणको व्यवस्था गर्ने ।

(झ) यस कार्यक्रमको लागि उपलब्ध गराईएका उपकरणहरुको मर्मत सम्भार,सुरक्षा,संरक्षण एवंम आवश्यक भएको थप उपकरणको व्यवस्था गर्ने ।

(ञ) सूचना प्रविधि शाखा लगायतका अन्य सरकारि निकायले उपलब्ध गराएका सूचना प्रविधि सम्बन्धी सामाग्रीहरु (जस्तै: टेम्पलेट) प्रयोगमा ल्याउनु पर्ने र बिभिन्न समयमा जारी गरेका तथा गरिने निर्देशिका (जस्तै : ईमेल निर्देशिका) अन्य सरकारी कानुन कार्यान्वयन ल्याउनु पर्ने ।

(ट) असल शासन (Good Governance) को लागि सरकारले प्रवाह गरेका सेवाहरु अनिवार्य रुपमा कार्यान्वयनमा ल्याउनु पर्ने ।

(ठ) कार्यक्रम व्यवस्थापनको लागि सम्पर्क व्यक्ति (Focal Person) तोक्ने र सोको जानकारी गाउँपालिका वा उपल्लो निकायलाई गराउने ।

(ड) नियमित रुपमा गाउँपालिका र सम्बन्धित शाखालाई कार्यक्रमको प्रगति प्रतिवेदन पेश गर्ने ।

(ण) प्रविधिको नविनतम प्रयोग गरी असल शासन (Good Governance) लाई प्रर्द्धन गर्ने ।

(त) केन्द्रकृत डाटा सर्भर सेटअप गरी स्थानीय तह भित्रका सार्वजनिक डाटा उक्त स्थानीय तहमा राख्ने व्यावस्था मिलाउने वा सरकारी डाटा सेन्टरमा राख्ने व्यावस्था मिलाउने।

(थ) सूचना प्रविधि केन्द्रको लागि आवश्यक पर्ने जनशक्तिको माग गरि आवश्यक समन्वय गर्ने ।

(द) सूचना प्रविधि तथा विधुतिय शासन विज्ञबाट परामर्श सेवा लिन सक्नेछ।

## परिच्छेद – ३

## सूचना प्रविधि सेवा केन्द्रको लागि आवश्यक प्रणाली तथा उपकरणहरु सम्बन्धि व्यबस्था

**८. सामाग्रीहरुको सेट अप गर्नुपर्ने :** सूचना प्रविधि सेवा केन्द्र संचालनको लागि न्यूनतमरुपमा आवश्यक पर्ने लागि देहाय बमोजिम सामाग्रिहरु सेटअप गर्नुपर्नेछ ।

क) ल्यापटप - २ वटा

ख) डेस्कटप कम्प्यूटर -५ वटा

ग) फोटोकपी( HEAVY DUTY ) -१ वटा

घ) मल्टिफङ्शन पिन्ट,कपि,स्क्यान -२ वटा

ङ) प्रोजेक्टर (पर्दा सहित ) - २ वटा

च) साउण्ड सिस्टम (सेट) - १ वटा

छ) 750 VA UPS SYSREM (कम्प्युटरको लागि ) -५ वटा

ज) SERVER COMPUTER WITH REQURIRED EQUIPMET

झ) REQUIRED SOFTWARE AND PATCHES

ञ) नेटवर्क उपकरणहरु : इन्टरनेट जडान गरी केन्द्र संचालन गर्न र सबै उपकरणहरुलाई बिधुत आपुर्तिको व्यस्था मिलाउन प्राधिकरणले आवश्यक उपकरण (जस्तै : ADVANCED WIRELESS ROUTER, MANAGEABLE SWITCHES, POWER DISTRIBUTIUON UNITE, CAT 6 NETWORK CABLE, ELECTRICAL CABLE आदि) प्रयोग गरी POWER CABLLING र EARTHING सहित केन्द्रको नेटवर्किङ गर्नुपर्नुपर्नेछ ।

ट) सोलार पावर सम्बन्धि व्यबस्था : सूचना प्रविधि सेवा केन्द्र सञ्जालनको लागि बुँदा नं. ११ को (छ) मा उल्लेख भएका उपकरणहेरुको सट्टामा SOLAR POWER को व्यवस्था गर्नुपर्नेछ ।

ठ) डिजिटल नोटिस बोर्ड/LED MONITOR - १ वटा

ण) अन्य आवश्यक प्रणाली तथा उपकरणहरु

## परिच्छेद – ४
## सूचना प्रविधि सेवा केन्द्रले उपलब्ध गराउने सेवाहरु

**सरकारी ई-सेवा**

१. जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, नाता कायम, बसाई सराई लगायतका आधारभूत सेवाहरु
२. लोकसेवाको अनलाईन आवेदन फर्म भर्ने, परिक्षा वोर्ड/विश्वविद्यालयका पाठ्यक्रम एवं नतिजाहरु
३. नागरिकता, सवारी चालक प्रमाणपत्र (DRIVING LICENSE), राहदानी (PASSPORT) लगायतका सेवाहरु।
४. कम्पनी दर्ता,फर्म दर्ता, घरेलु उद्योग दर्ता, सामुदायिक सँस्था/गैसस दर्ता, भ्याट/पान दर्ता लगायतका सेवाहरु।
५. UTILITY SERVICES जस्तै: खानेपानी, विजुली, टेलिफोन, मालपोत लगायतका सुविधाहरु।
६. जग्गा प्रशासन सम्बन्धी सवै कार्यहरु।
७. बैंकिङ, धितोपत्र लगायतका अनलाईन सेवाहरु।
८. स्थानीय तहमा सञ्चालित कार्यक्रम, बजेट, खर्च लगायतको पारदर्शिता कायम गर्न वेवसाईट मार्फत जानकारी दिने।
९. सूचना प्रविधिको माध्यमवाट सरकारी, सार्वजनिक एवं निजी सँस्थाहरुले प्रदान गर्ने सेवा तथा सुविधाहरुको जानकारी प्रदान गर्ने।

**शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, स्थानीय उत्पादन सम्बन्धी सेवाहरु**

१. सूचना प्रविधिको अधिकतम प्रयोग गरी विद्यालय शिक्षालाई प्रतिस्पर्धी एवं प्रभावकारी बनाउनको लागि विकास गरिएका निम्न बमोजिमका डिजिटल पाठ्यसामाग्रीहरु ग्रामीणस्तरमा सञ्चालित विद्यालयका शिक्षक एवं विद्यार्थीहरुलाई सहज तवरले उपलव्ध गराउने।
   I. विशेषज्ञ शिक्षकबाट शिक्षण सामग्रीहरु प्रयोग गरी गराईएको शिक्षण श्रव्य-दृष्य सामग्री (TEACHING AUDIO-VISUAL MATERIAL)।
   II. आवश्यक उपकरण एवं वस्तुहरु प्रयोग गरी विकास गरिएका विज्ञान, गणित एवं अन्य विषयका प्रयोगात्मक कक्षाहरुको (PRACTICAL CLASSES) डिजिटल शिक्षण सामग्रीहरु।
   III. उपयोगी E-BOOKS, PRACTICE NOTES ETC.
२. शहरका ठूला अस्पताल एवं दक्ष चिकित्सकसँग समन्वय गरी सूचना प्रविधिको माध्यमवाट ई-स्वास्थ्य, टेलिमेडिसिन लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने र स्थानीयस्तरवाटनै गुणस्तरीय स्वास्थ्य सेवा नागरिकलाई प्रदान गर्ने।
३. वेवसाईट एवं डिजिटल कन्टेण्टहरुको प्रयोग गरी स्थानीयस्तरमा सञ्चालित व्यवसायिक कृषि, पर्यटन तथा स्थानीय उत्पादन लगायतका क्षेत्रको विकास, विस्तार तथा प्रवर्द्धन गर्ने र राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार गर्ने।

**परिच्छेद -५**

**विविध**

**९. तालिम प्रदान गर्नुपर्ने** : गाउँपालिकाले केन्द्र स्थापनाको लागि उपकरणहरुको सेटअप गरिसकेपछि व्यवस्थापन तथा सञ्चालनको लागि सम्बन्धित प्राविधिक जनशक्तिलाई आवश्यक तालिकाको व्यबस्था गर्नुपर्नेछ।

**१०. अनुगमन तथा मूल्यांकन** : गाउँपालिकाले सूचना प्रविधि सेवा केन्द्र स्थापना गरी कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन यस कार्यबिधि बमोजिम कार्य गरे नगरेको सम्बन्धमा समय समयमा अनुगमन तथा मूल्यांकन गर्नुपर्नेछ ।

**११. कार्यविधि व्याख्या गर्न सक्ने** : यस कार्यविधि कार्यान्वयनमा देखिएका समस्या वा दिविधाका सम्वन्धमा निर्देशन समितिले व्याख्या गरी समधान गर्न सक्नेछ ।

**१२. संशोधन सम्बन्धि व्यवस्था** : निर्देशन समिति र संचार तथा सूचना प्रविधि शाखाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।